अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या :२४ मिति : २०८०।०६।२३

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**पशु सेवा कार्यक्रम संचालन कार्यबिधि २०८०**

## पशु सेवा कार्यक्रम संचालन कार्यबिधि २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०६।०९**

**प्रस्तावनाः** अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालय पशु सेवा शाखा मार्फत संचालन हुने पशु विकास कार्यक्रमलाइ व्यवस्थित, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्न नेपालको संविधान २०७२ बमोजिम खाद्य संप्रभुताको हकको संरक्षण गर्दै राज्यले अंगिकार गरेको कृषि नितिमा उल्लेखित किसानको हकहित संरक्षण सम्वर्द्धन गर्दै कृषि तथा पशु उत्पादन र उत्पादकत्व वढाउन परम्परागत कृषि प्रणालीलाइ आधूनिकिकरण र व्यावसायिकरण गर्दै प्रशोधन, भण्डारण र वजारिकरण गर्न कृषक, कृषि समूह र सहकारीहरुलाई कृषि सेवा, सामाग्री , तालिम , प्रविधीका साथै कृषि उपजको उचित मूल्य र वजार पँहुचको व्यवस्था , तुलनात्मक लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप पशु सेवा क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था

गर्ने वाञ्छनिय भएकोले अन्नपूर्ण गाउँपालिकाकाको प्रशासकीय नियमित गर्ने कार्यविधि, २०८० को दफा ८ बमोजिम यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम : " पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो अन्नपूर्ण गाउँपालिका भर लागु हुनेछ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य बिधिमाः

(क) "अनुदान" भन्नाले यस कार्य बिधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयमा उपलब्ध गराईने रकमलाई सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यबिधि बमोजिम अनुदान प्राप्त गर्ने कृषकरफर्मरकम्पनरसमुहर सहकारी सँस्था लाई सम्झनु पर्दछ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्नचाहने व्यक्ती वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका सस्था लाई सम्झनु पर्दछ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ६ मा उल्लेख भएका क्रियाकलाप र कार्यक्रम लाई सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले अन्नपूर्ण गाउँपालिका अन्तर्गत पशु सेवा शाखालाई सम्झनु पर्दछ।

(च) "कृषक समुह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनकतम २०वा सो भदा बढि व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रकाब्यवसायीरउद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्वन्धी कार्य गर्ने संस्थालाई सँझनु पर्दछ।

३) **उद्देश्यः** यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम हुनेछन् ।

**(क)** कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

**(ख)** प्रविधि हस्तान्तर मार्फत कृषि व्यवसायलाई व्यावसायिकरण गरि आत्मनिभर, आधुनिक र प्रतिस्पर्धि बनाउने,

**(ग)** कृषि उपजको सरल र सुलभ बजार पँहुच बृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

**(घ)** कार्यक्रमहरु व्यवस्थित, पारदर्शि र प्रभावकारी रुपमा संचालन गर्ने।

४) **सरोकारवाला निकायहरुः** यस कार्यक्रयम संचालन गर्न विभिन्न सरोकारवालाहको देहायबमोजिमको भूमिका हुनेछन् ।

(क) कृषक र फर्म र कम्पनी र समुह र सहकारी संस्था मार्फत एकल वा संयुक्त रुपमा कार्यालयबाट पशु पन्छी विकास कार्यक्रम सँचालन हुनेछ।

(ख) कार्यालयले प्रविधी विस्तार तथा कार्यक्रम संचालन गर्नेछ।

(ग) गाउँपालिकाले कार्यक्रम संचालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार कार्यालयहरुको समन्वयमा प्रस्तावहरुको र मूल्याङ्कनका सुचक र आधारहरुको ढाँचा तयार गरी सम्बन्धित शाखालाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयमा आईपरेका समस्या समाधान गर्न अनुगमन गरी पृष्ठपोषण गर्न सहयोग गर्नेछ ।

(घ) अनुदानग्राही र कार्यालयको आवश्यकताको आधारमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न कृषि सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ।

## परिच्छेद -२

## कार्यक्रमहरुको विवरण

५) **पशु सेवा कार्यक्रमहरुको विवरणः** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रम हुने छन् :

| सि नं | कार्यक्रम | मापदण्डहरु | संचालन गर्नसकिने क्रियाकलापहरु | अनुदान रकम/ प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बर्षे भुई तथा डाले घाँसको विउ वितरण | - कृषक, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।<br>- विउ माग गर्दा नागरीकताको प्रतिलिपि र लिखित निवेदन र<br>-सम्वन्धित वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ । | टियोसेन्टी वाज्रा सुडान जस्ता घाँसको विउहरु सार्वजनिक खरीद एन अनुसार खरीद गरीने छ । | उक्त विउ १००% प्रतिशत अनुदानमा वितरण गरीने छ। | |
| २ | भुई तथा डाले घाँसको बेर्ना वितरण | - कृषक, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।<br>- विउ माग गर्दा नागरीकताको प्रतिलिपि र लिखित निवेदन र<br>- सम्वन्धित वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ । | कृषको माग बमोजिमका डाले घाँसको वेर्ना सार्वजनिक खरीद एन अनुसार खरीद गरीने छ | उक्त बेर्ना १००% प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ । | |
| ३ | हिउदे जै घाँसको विउ वितरण | - कृषक, कृषक समूह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।<br>- विउ माग गर्दा नागरीकताको प्रतिलिपि र लिखित निवेदन र<br>- सम्वन्धित वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ । | जै घाँसको विउहरु ------- । | उक्त बिउ १०० % अनुदानमा वितरण गरीने छ। | |
| ४ | महामारी रोग नियन्त्रण कार्यक्रम | कृषक समूह , कृषि सहकारी संस्था र कृषि फर्म, कृषि कम्पनीमा आवद्ध सम्पूर्ण कृषकलाई वितरण गरिनेछ । | विभिन्न किसिमका महामारी जस्तै लम्पी स्किन, खोरेत, रेविज तथा अफ्रिकन स्वाइन फिवर जस्ता रोग रोकथाम गर्न आवश्य पर्ने औषधि तथा | उल्लेखित क्रियाकलापहरु संचालन गर्नको लागी १००% सहुलियत हुन सक्नेछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्याक्सिन खरीद गरीने छ। | | |
| ५ | पशु पन्छी पालन स्थलगत तालिम | सूचना प्रकाशन गरी व्यवसायीक कृषक तथा तालिक लिन इच्छुक कृषकहरुलाइ समेटी पशु सेवा सम्वन्धि विज्ञबाट कम्तिमा पनि ५ दिने पशु पालन सम्वन्धि पालिका स्तरमा तालिम संचालन गर्ने । | कृषकको माग बमोजिमका विषय वस्तु अनुसारको तालिम संचालन तथा प्रशिक्षक भत्ता, प्रशिक्षकको यातायात गाडिभाडा, प्रतिवेदन, ,खाजा खर्च, हल भाडा , स्टेशनरी खर्च, अन्य तालिम व्यवस्थापन खर्च. तथा प्रमाण पत्र वितरण गर्न आवश्यक प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्ने, | गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ अनुसार । | |
| ६ | पशु बध्याकरण कार्यक्रम | अन्नपूर्ण गाउँपालिका भित्र रहेका सामाजिक तथा घर पालुवा कुकुरहरुलाइ समेटेर अन्नपूर्ण गाउँपालिकाको केन्द्रमा पशु वध्याकरण गरीने । | कुकुर समात्न र ढुवानि खर्च ,बध्याकरण गर्ने विज्ञ खर्च, आवश्क औषधि खर्च , व्यवस्थापन खर्च गर्न आवश्क प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्ने । | गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ अनुसार । | |
| ७ | हिट सिन्कोनाइजेसन कार्यक्रम | दुध उत्पादन को संभावना बढि भएको ठाउँहरुमा तोकि स्थानिय तथा उन्नत नश्लका गाइ र भैसिमा | विज्ञ खर्च, आवश्यक औषधि खर्च , व्यवस्थापन खर्च गर्न आवश्यक | १००% प्रतिशत अनुदानमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रविधिको प्रयोग गरि कृतिम गर्भाधान गराउने । | प्रस्तावना तयार गरी कार्यक्रम संचालन गर्ने । | संचालन गर्ने । | |
| ८ | व्यवसायिक पन्छी पालक कृषकहरुलाई ५० प्रतिशत अनुदानमा चल्ला वितरण कार्यक्रम | प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक समूह/ कृषि सहकारी संस्था वा निजि फर्म , कार्यक्रमबाट कम्तिमा ५०० वटा कुखुरा पालन गरेको । | कम्तिमा पनि ५०० वटा बोईलर लेयस र स्थानिय जातका कुखुरा पालन गर्ने ८ देखि १० जना कृषक छनोट गरि कृषकले पेश गरेको विल बमोजिम बढीमा ५०० चल्ला वमोजिम हुन आउने ५० प्रतिशत रकम कृषकको बैंक खातामा भुक्तानि दिने | ५० प्रतिशत अनुदानमा संचालन गर्ने | |
| ९ | पशु पन्छीका लागि औषधि खरिद कार्यक्रम | कृषक समूह , कृषि सहकारी संस्था र कृषि फर्म, कृषि कम्पनीमा आवद्ध सम्पूर्ण कृषकलाई वितरण गरिनेछ । | विभिन्न रोग आन्तरिक परजिवि तथा बाह्य परजिवि विरुद्द को औषधि खरिद गर्ने | १००% अनुदान उपलब्ध गराउन सिकनेछ । | |
| १० | ५० प्रतिशत अनुदानमा बोयर जातको बोका वितरण कार्यक्रम | प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक समूह/ कृषि सहकारी संस्था वा निजि फर्म ,कम्तिमा पनि २० वटा माउ बाख्रा पालन गरेको र घाँस खति गरेको | ७५ प्रतिशत बोयर बल्ड भएको बोका सार्वजनिक खरीद एन अनुसार खरीद गरीने छ | ५० प्रतिशत अनुदानमा संचालन गर्ने | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | गाइ भैंसि पालक कृषकलाई गोठ सुधार कार्यक्रम | प्रचलित कानुन बमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक समूह/ कृषि सहकारी संस्था वा निजि फर्म ,कम्तिमा पनि ५ वटा माउ गाइ भौंसि पालन गरेको र भकारो सुधार गरेको | कृषकको माग अनुसार काउ म्याट सार्वजनिक खरीद एन अनुसार खरीद गरीने छ | ७५ प्रतिशत अनुदानमा संचालन गर्ने | |
| १२ | समिक्षा तथा रिर्पोटिङ बैठकका लागि खाजा र भत्ता | पशु सेवा शाखा अन्तरगत का कर्मचारी र अन्य कर्मचारहरुको बैठकका लागि | खाजा खर्च, राम्चे,शिख र दोवा बाट उपस्थित कर्मचारीलाई २ दिन बरावर को भ्रमण भत्ता र अन्यलाई सहभागि भत्ता वितरण गर्ने | | |

## परिच्छेद -३

## कार्यक्रम संचालन प्रक्रिया

६) **आवेदन तथा प्रस्ताव मागः** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनसची(१ को ढाँचा ३० दिनको सुचना प्रकाशन गरी कृषक र नीजी फर्म र समुह र सहकारी र कम्पनीहरु सँग प्रस्ताव माग गर्नेछ ।

७) **आवेदन पेशः** सुचनामा तोकिए बमोजिमको कागजात सहित दफा ५ मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका ईच्छुक आवेदकले अनसुचि -२ को निवेदनको ढाँचा सहित पशु सेवा शाखामा वा सम्वन्धित वडा कार्यालयमा दर्ता हुने गरी आवेदन पेश गर्नुपर्नेछ ।

८) **प्रारम्भिक छनौट तथा सिफारिसः** दफा ७ बमोजिम प्राप्त आवेदन अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको उपाध्यक्ष सँयोजक आथिक विकाश समितिको सँयोजक र पशु सेवा शाखाका प्राविधिक बाट स्थलगत अनुगमन गरी छनौटको लागि सिफारिसको निर्णय गरिनेछ । सिफारिस भइ आएका निवेदन उपर थप छानविन गरी कार्यपालिकाले निर्णय गर्नेछ ।

९) **सम्झौता प्रक्रियाः** (१) छनौट भएका अनुदान ग्राही र कार्यालय विच स्विकृतकार्ययोजना बमोजिम शर्तहरुमा सम्झौता गरिनेछ।

(२) कार्यक्रम सम्झौतामा तोकिएकका क्रियाकलापहरु तोकएको समय अवधि भित्र सपन्न गर्नु पर्नेछ ।

## परिच्छेद- ४

## रकम भुक्तानी प्रकृया

१०) भुक्तानी प्रक्रिया : (१) कार्यक्रम संचालनको लागि पेश्की रकम उपलध गराईने छैन। कार्य प्रगति र कार्य सम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ।

(२) कार्यक्रम संपन्न भएकोआधारमा कार्यालयले देहाय बमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र अनुदान रकम भुक्तानी गर्नेछन् ।

(क) सम्झौता र कार्य योजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको विल भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ।

(ग) सम्बन्धित अनुदानग्राहीले संचालन गरेका व्यवसायको उत्पादन बजारिकरण तथा आम्दानी सहितको प्रगति प्रतिवेदन पेश गर्न पर्नेछ।

(घ) सम्बन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।

(ङ) सार्वजनिक सुनुवाई गरेकोमा ईन्यूटको प्रतिलिपी संलन्न हुनु पर्नेछ।

(च) कुल लागतमा ३ लाख अनुदानसम्म वा सो भन्दा वढिको कार्यक्रमको सम्बन्धीत स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङ्गवोर्ड र सुचना पार्टि राखेको हुनुपर्नेछ ।

(छ) कार्यक्रम रकम भुक्तानी गर्दा १.५% अग्रीम आयकर र पुँजिगत निर्माण कार्यको हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानुन बमोजिम खर्च गर्न सकिनेछ ।

## परिच्छेद-५

## कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

११) **सुपरिवेक्षण तथा अनुगमनः** सुपरिवेक्षण तथा अनुगमन समिति यस प्रकार रहने छ ।

संयोजकः उपाध्यक्ष

पदेन सदस्यः आर्थिक विकास समितिको संयोजक

सदस्यः प्रमुख प्रशासकिय अधिकृत

सदस्यः सवन्धित वडाको वडा अध्यक्ष

सदस्य सचिवः पशु सेवा  शाखा प्रमुख

सम्बन्धित वडा कार्यालय, पशु सेवा शाखाबाट कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिइनेछ ।

१२) **प्रतिवेदनः** सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक,चौमासिक र वार्षिक रुपमा सबन्धित अनुदानग्राहीले पशु सेवा शाखा समक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

१३) **कारवाहीको व्यवस्थाः** सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राही सँग प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ ।

१४) **बाधा अड्चन निरुपण र संशोधनः** (१) यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन वा विवाद भएमा सो को निरुपण अन्नपूर्ण गाउँपालिकाले गर्नेछ ।

**(**२**)** यो कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा अन्नपूर्ण गाउँपलिका गाउँ कार्यपालिकाको बैठकवाट संशोधन गर्न सकिनेछ ।

## अनुसुची- १

## (दफा ६ सँग सम्बन्धित)

## सूचनाको ढाँचा

प्रथम पटक सुचनाको प्रकाशन मिति......................।

पशु सेवा संचालन कार्यविधि, २०८० अनुसारको अन्नपुर्ण गाउँपालिका पशु सेवा शाखाको आ व ......... को ........................... कार्यक्रम अन्तर्गत....................... कार्यक्रममा सहभागी हुन ईच्छुक अन्नपुर्ण गाउँपालिका उद्यमी र कृषक र समूह र समिति र सहकारी र निजि फर्म र कम्पनीहरुले अधिकतम अनुदान रकम सिमा ................ ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले ............. दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नु हुन सम्बन्धित सवैका लागी यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावका साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा संलग्न गर्नु पर्ने कागजात मापदण्ड यस कार्यालयको सूचना पाटी र वेभसाइट https://annapurnamunmyagdi.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।

समुह र सहकारी र निजी कृषी फर्म र कम्पनीहरुले संलग्न गर्नुपर्ने कागजातहरुः

१. प्रस्तावको सक्कल निवेदन,
२. समुह र सहकारी र निजी कृषी फर्म र कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी,
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
५. कार्यक्रम संचालनको लागी कार्ययोजना सहितको प्रस्ताव,
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी,
८. कार्यक्रम संचालनको लागी जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको लागी कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपी।

**अनुसुची-२**

**(दफा ७ संग सम्बन्धित)**

**निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू                                        मितिः
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर म्याग्दी ।
गण्डकी प्रदेश, नेपाल ।

विषयः ........................................कार्यक्रम सहभागी हुन प्रस्ताव पेश गरेको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति ...............................मा प्रकाशित गरिएको सूचना अनुसार ........................................... कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रम को मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रहि कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेश गरेका छौ /छु ।

**<u>संलग्न काँगजातहरुः</u>**

१. प्रस्तावकको निवेदन,
२. समुह / सहकारी / निजी कृषी फर्म/ कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी,
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी,
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी,
५. कार्यक्रम संचालनको लागी प्रस्ताव,
६. प्रस्तावकले कार्यक्रमको लागी प्रस्ताव स्विकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी,
७. प्रस्तावकले पेश गर्नेको नागरिकताको प्रतिलिपी,
८. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा,
९. कार्यक्रम संचालनको लागी जग्गा धनी दरता प्रमाण-पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कायम संचालन गर्नको लागी कम्तीमा ५वषको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपी,
१०. अनुदानग्राहीले सोही प्रकृतिको कार्यक्रममा विगत दुई वर्ष भित्र अनुदान रकम एक लाख वा सो भन्दा बढि नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्ने,
११. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

निवेदक
दस्तखतः
नामः
ठेगाना :
संस्थाको छाप :

## अनुसूचि-३

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा

कार्यक्रमको नामः

जिल्लाः गाँउपालिका : वडा नंः टोल :

फर्मको नामः

सञ्चालकको नामः मोवाइल नः

१. व्यवसायको परिचयः

२. उद्देश्य :

३. व्यवसायमा अनुभवः

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय संचालनका लागी रहेका पूर्वाधारहरुः

६. तालिम सम्बन्धी विवरणः

७. सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरणः

| क.स. | सञ्चालन गरिने क्रियाकपाल | अनुदान रु | निजि लगानी रु | अन्य निकायबाट लगानी रु | जम्मा लगानी रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

८. संचालन हुने कार्यक्रम को वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने):

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

## अनुसुची-४

## प्रस्ताव मुल्याङ्कनका आधारहरु

१. जिल्ला :

२. आवेदक संस्थाको नाम :

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क सं | विवरण | भार | प्राताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | विजुली सुविधा भएको | २ | | |
| १.३ | घाँस खेत भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजी फर्म/ संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजी जग्गा भाडामा लिएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | **व्यवसाय सम्बन्धी अनुभव** | **५** | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५वर्ष भन्दा माथि | ५ | | |
| **३** | **प्राविधिक दक्षता र सम्बन्धित विषयको कामदारको मात्र** | **५** | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखी ७ दिन अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १ ५दिन अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५देखी माथी अवधि सम्मको तालिम | ५ | | |
| ५ | रोजगारीको अवस्था प्रस्तावितम | ५ | | |
| ५.१ | कम्तिमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३जना भन्दा माथी | ५ | | |
| ६ | **वातावरणीय/सामाजिक उपयुक्तता (प्रस्तावित)** | १० | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय/सामाजिक प्रभाव आङ्कलन गरिएको | **५** | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरुसामेल गरिएको | **३** | | |
| **७** | **उत्पादित वस्तुको वजार योजना** | **१५** | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको वजारीकरण सुनिश्चितता | १५ | | |

| | | | | |
|---|---|---|---|---|
| ७.२ | समूह /सहकारी /संस्थागत तरिकाले उत्पादित वस्तुको वजारिकण | १२ | | |
| ७.३ | वजारिकण योजना स्पष्ट भएको | १० | | |
| **८** | **व्यावसायिक कार्य योजनाको स्पष्टता ९कार्य योजना जलवायु अनुकुलन लगानी प्रतिफल र दिगोपना** | | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| **९.** | **व्यवस्थापन** | **५** | | |
| ९.१ | राम्रो | ५ | | |
| ९.२ | ठिकै | ३ | | |
| **१०** | **शैक्षिक योग्यता** | **३** | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथी | ३ | | |
| **११** | **वैदेशिक रोजगारीको अनुभव कम्तिमा १ वर्ष** | **२** | | |
| | जम्मा | १० | | |

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः
क)
ख)
७. स्थलगत अनुगमन टोलीको रायः

| क्र.स. | पद | राय दिनेको नाम,थर | राय | | | कारण | दतखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ । | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूचि-५
## सम्झौता-पत्र

आर्थिक वर्ष.../......मा संचालन हुने......................कार्यक्रमको लागी अन्नपूर्ण गाउँपालिका

(यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी...... ... ... ... (यस पछि दोस्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम संचालन गर्न सम्झौता भएको छ।

शर्तनामाहरुः

१. प्रथम पक्षले लागत साझेदारीमा............कार्यक्रमको लागि कुल लागत रु.........मध्ये अनुदान वापतरु...............दोस्रो पक्षलाई...............(अक्षरुपी रुपैयाँ...................) अनुदान/सामाग्री सहयोग प्रदान गर्नेछ।
२. दोस्रो पक्षले वाँकी रकमको व्यवस्था गरी म्याग्दी जिल्ला,अन्नपूर्ण गाउँपालिका वडा नं .मा......साल.....महिना भित्र संपन्न गर्नेछ।
३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविक को डिजाईन र ईष्टिमेट अनुसारको सम्पूर्ण कार्यक्रमहरु उच्च गणस्तर कायम राखी संपन्न गर्नेछ।
४. कार्यक्रम संचालनका लागि आवश्यक निर्माण सम्वन्धी डिजाईन,ईष्टिमेट,सुपरभिजन, अन्तिम बिल र कार्यसम्पन्न लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।
५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फ को लगानीबाट सम्पन्न भएको कामको नियमानुसार को भ्याटबिल,दाखिला प्रतिवेदन,कार्यसंपन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैंकखातामा एकमुष्ट भुक्तानी दिनेछ।
६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यक्रमको अनुगमन/निरिक्षण गरि सम्झौता मुताबिक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझव दिन सक्नेछ।
७. दोस्रो पक्षले कार्यक्रमम संचालन स्थलमा सबैले देखिने गरी अनिवार्य रुपले कार्यक्रमको नाम ,ठेगाना तथा सहयोगीनिकायको नाम र अनुदान रकम उल्लेखित होर्डिङ्ग वोर्ड सवैले देख्ने गरी राख्नेछ ।
८. कार्यक्रम संचालनका दौरान वा संपन्न भए पश्चातको संचालन,मर्मत संभार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोस्रो पक्षको हुनेछ।
९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा)कार्यक्रम को प्रगती, उपलधी एंव कारोवारसम्वन्धी विवरण प्रथम पक्षलाई अनिवार्य रुपमा उपलध गराउनु पर्नेछ।

१०. कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्न परेमा दुवै पक्षको आपसि सहमती अनुसार हुनेछ।

११. सझौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुने छ।

१२. द्धिपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागी सचेत गराउने र यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने रहि नामिना भए बरावरको रकम दोस्रो पक्ष वाट सरकार वाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन ,ईष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अयसामा नहखरि दगर्ने पूर्व प्रथम पक्ष सँग स्विकृत गराइ संमपूर्ण कार्यहरु उच्चगुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ। यसो नगरको खडमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

१४. प्रथम पक्ष र दोस्रो पक्ष विच सम्झौता को लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

i) प्रथम पक्षले व्यहोर्ने लागत रु................

ii) दोस्रो पक्षले व्यहोर्ने लागत रु.............

iii) अन्य श्रोतबाट प्राप्त लागत. ..............

iv) केन्टन्जेन्सी रकम रु..................(यो रकम विशेषज्ञको परामर्श सेवा, मर्मत संभार र निर्माण कार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यमा खर्च गर्न सकिनेछ),

v) प्रस्तावनाको कुल लागत रु..............

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पद : | पद : |
| मिति : | मिति : |
| दस्तखत : | दस्तखत : |
| कार्यालयको छापः | संस्थाको छापः |

रोहवर

| | |
|---|---|
| नामः<br>पद :<br>मिति :<br>दस्तखत :<br>कार्यालयको छापः | नामः<br>पद :<br>मिति :<br>दस्तखत :<br>संस्थाको छापः |

इति संवत ...... ... ...... साल ...... ... महिना ...... गते रोज ...... शुभम्।

नोटः द्धिपक्षिय सम्झौतामा आवश्यता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिने।

राजपत्रमा प्रकाशित मितिः २०८०।०६।२३

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत